कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: १४२ | वि.सं. २०८३ | भदौ | १८ | बिहीवार | नेपाल संवत्: ११४५, | भाद्र कृष्ण सप्तमी | Thursday | 3 | September | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ |-

## कर्णालीमा बजेट खर्चको असारे रोग

# नौ महिनासम्म सुस्त, अन्तिम त्रैमासिकमा एकतिहाइ बढी बजेट कार्यान्वयन




**ओम शाही**
**सुर्खेत, १७ भदौ ।**

कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयन पछिल्ला वर्षहरुमा अन्तिम त्रैमासिक अवधिमा खर्च हुने प्रवृत्ति बढ्दै गएको छ। यतिसम्म कि गत आर्थिक वर्ष २०८२/०८३ को साउनमा कुल पुँजीगत बजेट कार्यान्वयन ०.००२ प्रतिशत खर्च भएकोमा चैत मसान्तसम्म नौ महिनाको अवधिमा १७.१६ प्रतिशत खर्च हुँदा असार महिनामा मात्रै कुल पुँजीगत बजेटको २२.८० प्रतिशत खर्च भएको छ।

यो गत आर्थिक वर्षको वर्षभरी खर्च भएको पुँजीगत बजेटको ५०.३० प्रतिशत हिस्सा हो। यो प्रवृत्ति चालु शिर्षकको बजेटमा पनि देखिन्छ। ऋति फाउन्डेसनले गरेको अध्ययनले आर्थिक वर्षको अन्तिम त्रैमासिक अवधिमा कुल बजेटको चालुतर्फ औसतमा ३७.२२ र पुँजीगत ३८.१६ प्रतिशत खर्च हुने गरेको देखाएको छ। पछिल्ला पाँच आर्थिक वर्षको अवधिमा ३३.३८ देखि ३९.९९ प्रतिशत चालु शिर्षकको बजेट आर्थिक वर्षको अन्तिम त्रैमासिक अवधिमा खर्च हुने गरेको तथ्यांकले देखाउँछ।

यस्तै, पुँजीगत बजेटतर्फ अन्तिम त्रैमासिक खर्चको हिस्सा ३५.५९ देखि ४२.४२ प्रतिशतसम्म खर्च हुने गरेको छ। तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/०७९ मा आर्थिक वर्षको अन्तिममा ३८.४३ प्रतिशत चालुतर्फको बजेट खर्च हुँदा ४२.०९ प्रतिशत पुँजीगततर्फको बजेट खर्च भएको छ। आर्थिक वर्ष २०७९/०८० मा ३९.९९ प्रतिशत र पुँजीगततर्फ ४२.४२ प्रतिशत बजेट आर्थिक वर्षको अन्तिम तीन महिनामा खर्च भएको तथ्यांकले देखाउँछ।

आर्थिक वर्ष २०८०/०८१ मा चालुतर्फ ३३.३८, पुँजीगततर्फ ३५.५९, २०८१/०८२ मा चालुतर्फ

बाँकी ३ पेजमा

### यस्तो छ पाँच वर्षको बजेट कार्यान्वयनको अवस्था

कर्णाली प्रदेश सरकारले गत आर्थिक वर्ष २०८२/८३ मा ५५.७४ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेको छ। तर, चालु बजेट भने त्योभन्दा निकै धेरै ७३.४८ प्रतिशत कार्यान्वयन गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा पुँजीगत बजेट ५८.७ प्रतिशत कार्यान्वयन भएकोमा आर्थिक वर्ष २०८२/८३ मा भने केही घटेको देखिन्छ। तर, आर्थिक वर्ष २०८०/८१ मा ५४.६७ प्रतिशत, आर्थिक वर्ष २०७९/८० मा ६४.५४ प्रतिशत र आर्थिक वर्ष २०७८/७९

बाँकी ४ पेजमा

## भोटेकोशी बाढी:
## बाँकेमा सहयोग जुट्दै



**युग संवाददाता**
**बाँके १७ भदौ ।**

भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि नेपालगन्ज उद्योग वाणिज्य सङ्घले रु पाँच लाख ६० हजार सहयोग गर्ने निर्णय गरेको छ। सङ्घका नवनिर्वाचित अध्यक्ष चिरन्जीवी ओलीले रसुवा र नुवाकोटका बाढीपीडितका लागि सङ्घका नवनिर्वाचित पदाधिकारी र कर्मचारीहरूबाट रु पाँच लाख ६० हजार सङ्कलन गरिएको जानकारी दिए।

उनले बाढीपीडितलाई सहयोग गर्नु तत्कालको पहिलो दायित्व भएको जनाउँदै नवनिर्वाचित पदाधिकारीबाट सङ्कलन गरिएको सो रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाइने बताए।

**नौबस्ता कैदी बन्दीको सहयोग**

यसैबीच बाँकेको नौबस्ता कारागारमा रहेका ४६६ जना कैदीबन्दीले रु४९ हजार ५१० सहयोग गरेका छन्। कारागारको 'बी' ब्लकमा रहेका कैदीबन्दीले स्वैच्छिक रूपमा रकम सङ्कलन गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरेका छन्। विपत्को समयमा आफूहरू पनि प्रभावित नागरिकको पीडामा साथ दिन चाहेको भन्दै बन्दीले व्यक्तिगत रूपमा प्राप्त हुने खर्चबाट रकम छुट्याएर सहयोग गरेको कारागार प्रशासनले जनाएको छ।

नौबस्ता कारागारका निमित्त प्रमुख ज्ञानबहादुर ओलीले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै बन्दीले स्वैच्छिक रूपमा रकम सङ्कलन गरेको बताए। सो रकम सङ्कलन गर्नुअघि बन्दीले बाढीमा परी ज्यान गुमाउनेप्रति सामूहिक रूपमा श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको उनले जानकारी दिए।

## भोटेकाशी बाढी र जलवायु सङ्कटबारे विज्ञहरूसँग छलफल

**युग संवाददाता**
**काठमाडौँ, १७ भदौ ।**

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीको समुपस्थितिमा जलवायु विज्ञहरूसँग भोटेकोशी नदीमा आएको विनासकारी बाढी र जलवायु सङ्कटका विषयमा छलफल भएको छ।



मन्त्रालयमा मंगलबार भएको छलफलले जलवायु परिवर्तनका मुद्दालाई राष्ट्रिय प्राथमिकतामा राख्दै अन्तरराष्ट्रिय मञ्चमा नेपालको बलियो उपस्थिति र दाबी प्रस्तुत गर्ने निष्कर्ष निकालेको छ। सो अवसरमा मन्त्री चौधरीले जलवायु न्यायलाई अधिकारका रूपमा स्थापित गर्दै आगामी कोप-३१ सम्मेलनलगायतका अन्तरराष्ट्रिय मञ्चहरूमा नेपालले माउन्टेन एजेन्डाको नेतृत्व गर्ने बताएका थिए।

साथै उनले जलवायु सङ्कटले निम्त्याएका बहुआयामिक चुनौतीहरूको सामना गर्न र अन्तरराष्ट्रियस्तरमा नेपालको अधिकार सुनिश्चित गर्न मन्त्रालय पूर्ण रूपमा प्रतिबद्ध रहेकामा जोड दिएका थिए। यही भदौ १० गते भोटेकोशीमा आएको बाढीलाई जलवायु सङ्कटसँग जोडेर यसको तत्काल वैज्ञानिक अध्ययन, क्षतिको यथार्थ मूल्याङ्कन र पूर्वसूचना प्रणालीलाई थप सुदृढ गर्ने बारेमा विज्ञहरूले सुझाव दिएका थिए।

भोटेकोशी-त्रिशूली क्षेत्रको विपद्पश्चात् पुनःस्थापना तथा पुनर्निर्माणका लागि अन्तरराष्ट्रिय जलवायु वित्त परिचालन गर्दै विशेष कोष स्थापना गर्न पहल गर्नुपर्नेसमेत विज्ञहरूको सुझाव छ। छलफलमा विज्ञहरूले तापक्रम वृद्धि, हिमपात र चट्टानमा देखिएका चिराहरूको सुक्ष्म अध्ययनका लागि हिमनदी विज्ञ तथा वैज्ञानिकहरूको ज्ञानलाई अधिकतम उपयोग गर्नुपर्ने बताएका थिए।






## सम्पादकीय....

# विषादी परिक्षणको दायरा बढाऊ !

कर्णाली प्रदेश सरकारले छ वर्षअघि निर्माण गरेको विषादी परीक्षण प्रयोगशाला बल्ल सञ्चालनमा ल्याएको छ। सुर्खेतको हर्रेमा मंगलबार विषादी अन्वेषण द्रुत विश्लेषण एकाई स्थापना भएसँगै प्रदेशमा भित्रिने तरकारी तथा फलफूलमा विषादीको मात्रा परीक्षण गर्ने बाटो खुलेको छ। यो निर्णय स्वागतयोग्य भए पनि करोडौं रुपैयाँ खर्चेर बनाइएका संरचना सञ्चालन गर्न सरकारलाई ६ वर्ष लाग्नु आफैंमा लज्जास्पद हो। कर्णाली सरकारले २०७४ सालमा अर्गानिक प्रदेश बनाउने अवधारणा अघि सारेको थियो। त्यसकै उद्देश्यअनुसार आर्थिक वर्ष २०७५/७६ मा सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी परीक्षण प्रयोगशाला निर्माण गरिएको थियो। प्रदेशमा बाहिरी क्षेत्र तथा भारतबाट भित्रिने कृषिउपजमा प्रयोग भएको विषादीको अवशेष परीक्षण गरी नागरिकलाई सुरक्षित खाद्यवस्तु उपलब्ध गराउने यसको मूल उद्देश्य थियो। तर, भवन निर्माणलाई नै उपलब्धि ठानियो, सञ्चालनका लागि आवश्यक जनशक्ति र उपकरणको व्यवस्थापनमा भने सरकार उदासीन रह्यो। सरकारको यही कमजोरीका कारण करोडौंको लगानी लामो समय निष्प्रयोज्य बन्यो। हर्रेको प्रयोगशाला बल्ल सञ्चालनमा आए पनि कपुरकोटको संरचना अझै प्रयोगविहीन छ।

अझ विडम्बना, हर्रेको भवनमा विद्युत् र पानीका लागि पाइप जडानसमेत पूरा भएको छैन। एउटा सार्वजनिक सेवा सञ्चालन गर्न आवश्यक आधारभूत पूर्वाधारसमेत पूरा नगरी उद्घाटन गर्ने प्रवृत्तिले सरकारी कार्यशैलीप्रति स्वाभाविक प्रश्न उठाउँछ। प्रयोगशाला सञ्चालनका लागि आवश्यक उपकरणसमेत सरकारले खरिद गरिसकेको छ। जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण पनि दुई पटक गरिएको थियो। तर, प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत हुन नसक्दा जनशक्ति व्यवस्थापन हुन सकेन। यसको अर्थ समस्या स्रोतको अभावमा मात्र थिएन; राजनीतिक प्राथमिकता र प्रशासनिक निर्णय क्षमताको अभावमा थियो। अब सरकारले विगतको कमजोरी दोहोर्‍याउनु हुँदैन। प्रयोगशाला सञ्चालनलाई उद्घाटनको औपचारिकतामा सीमित नगरी आवश्यक जनशक्ति, उपकरण, विद्युत्, पानी र नियमित बजेटको सुनिश्चितता गर्नुपर्छ। कपुरकोटको संरचनालाई पनि तत्काल सञ्चालनमा ल्याउनुपर्छ। विषादी परीक्षण केवल कृषि क्षेत्रको विषय होइन, यो नागरिकको स्वास्थ्य र खाद्य सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय हो। किसानले उत्पादन गरेको तरकारी तथा फलफूल सुरक्षित छ कि छैन भन्ने परीक्षण गर्ने संयन्त्र प्रदेशका प्रमुख नाकामा प्रभावकारी हुनुपर्छ।

विषादीको प्रयोग न्यूनीकरण गर्ने सरकारको अर्गानिक अभियान परीक्षणबिनाको नारामा सीमित हुनु हुँदैन। ६ वर्ष लगाएर एउटा प्रयोगशाला सञ्चालनमा ल्याउनु उपलब्धिभन्दा बढी सिकाइको विषय हो। अब सरकारले विगतको ढिलासुस्तीबाट पाठ सिक्दै योजना बनाउनेदेखि सञ्चालनमा ल्याउनेसम्मको स्पष्ट कार्यतालिका र जवाफदेही संयन्त्र विकास गर्नुपर्छ। सरकारी लगानीका संरचना वर्षौं बन्द रहने अवस्था अन्त्य नगरेसम्म विकास बजेटको प्रभावकारिता र सरकारको कार्यक्षमतामाथीको प्रश्न हट्ने छैन। अर्को महत्वपूर्ण पक्ष तामझामका साथ सुरु गर्ने पछि कार्यान्वयन गर्दा ठण्डाराम हुने विगतको अभ्यास विषादी परीक्षण प्रयोगशालामा नदोहोरियोस्। जनस्वास्थ्यसँग जोडिएको यो महत्वपूर्ण योजनालाई प्राथमिकता दिएर सेवा प्रवाह गर्न सकिएको खण्डमा तरकारी तथा फलफूलमा हालिने अत्याधिक विषादीको जोखिम धेरै हदसम्म कम गर्न सकिन्छ। यसले आमनागरिकलाई घातक रोग हुनबाट बचाउँछ। नागरिक स्वस्थ भएमात्रै राज्यलाई थपिने आर्थिक भार कम हुन्छ।

## विपत्तिपछि पुनरुत्थान :

# समृद्ध पर्यटन र सुदृढ भविष्य



✍ खुम सुवेदी



प्राकृतिक विपत्तिका अगाडि मानिस निसहाय बन्छ, तर उसको अदम्य साहस, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित हुँदैन। प्रकृतिको अनुपम वरदान, हिमशृङ्खलाहरूको काख र अद्वितीय संस्कृतिको धनी हाम्रो देश आज फेरि एकपटक प्रकृतिको कठोर परीक्षाबाट गुजरिरहेको छ। अविरल वर्षा, विनाशकारी बाढी र पहिरोका कारण रसुवागढी, नुवाकोट, धादिङ तथा मुग्लिन-काठमाडौँ जोड्ने मुख्य सडक धमनी कृष्णभीर क्षेत्रमा पहाडहरू खसेर यातायात र सञ्चार अवरुद्ध हुन पुगेका छन्।

यस प्राकृतिक प्रकोपले नेपालको पर्यटकीय यातायात, पदमार्ग र समग्र पर्यटन उद्योगमा गहिरो चोट पुऱ्याएको छ। रसुवागढी, लाङटाङ, गोसाइँकुण्डजस्ता पवित्र धार्मिक एवं साहसिक क्षेत्रतर्फ गएका श्रद्धालु यात्री, विदेशी पर्यटक, यातायात चालक, पर्यटन मजदुर, पदयात्राका पथप्रदर्शक (गाइड), भरिया र स्थानीय बासिन्दाहरू प्रभावित बनेका छन् तर इतिहास साक्षी छ–मानिस प्राकृतिक विपत्तिका अगाडि केही क्षणका लागि विवश देखिए पनि उसको अदम्य साहस, धैर्य, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित भएको छैन।

खोजी तथा उद्धारका कार्यहरू तीव्र रूपमा अगाडि बढिरहेको यो कठिन घडीमा हराइरहेका सबै नेपाली तथा विदेशी नागरिकहरूको शीघ्र सुरक्षित उद्धार, घाइतेहरूको अविलम्ब स्वास्थ्यलाभ र प्रभावित परिवारहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सबैको रहेको छ। निराशाको यो कालो बादल छिचोल्दै नेपालको पर्यटन उद्योग फेरि उठ्नै पर्छ र नयाँ ऊर्जाका साथ विश्वसामु चम्किनै पर्छ। पर्यटन उद्योग र व्यवसायलाई नयाँ ऊर्जाका साथ पुनर्जीवन दिनु, अर्थतन्त्रलाई गतिशील बनाउनु र सम्पूर्ण देशवासीमा आत्मविश्वास जगाउनु आजको मुख्य आवश्यकता हो।

**हिजोको गौरव, आजको चुनौती र भोलिको स्वर्णिम सम्भावना**

हिजोका दिनमा नेपाल केवल एक पर्यटकीय गन्तव्य मात्र थिएन; यो विश्वभरका पर्यटकहरूका लागि आत्मिक शान्ति, सगरमाथाको साहसिक पदयात्रा, लाङटाङको मनमोहक उपत्यका, अन्नपूर्णको अद्वितीय पदमार्ग र नुवाकोटका ऐतिहासिक धरोहरहरूको साक्षात पाठशाला थियो। हाम्रा कला, मौलिक संस्कृति र 'अतिथि देवो भवः' को संस्कारले विश्वलाई मोहित बनाएको थियो। आज अविरल वर्षा र पहिरोले हाम्रा पैदलमार्गहरू क्षति पुऱ्याएका छन्।

सडक सञ्जालहरू विच्छेद हुँदा पर्यटकीय आवागमन ठप्प प्रायः बनेको छ। यसले पदयात्राका गाइड, भरिया, यातायात चालक, साना पर्यटन व्यवसायी, चियापसल सञ्चालक र स्थानीय होमस्टे व्यवसायीहरूको रोजीरोटीमा प्रत्यक्ष धक्का पुऱ्याएको छ। विपत्तिले ल्याएको यो विनाशलाई हामीले एक ठूलो अवसरमा बदल्नु छ। आधुनिक, जलवायु-अनुकूल पूर्वाधार निर्माण गरेर, अन्तरराष्ट्रिय जगत्मा हराएको आत्मविश्वास पुनः फर्काउँदै नेपाललाई विश्वकै सुरक्षित, व्यवस्थित र जीवन्त पर्यटकीय स्वर्गका रूपमा पुनः स्थापित गर्नु आजको मुख्य कार्यदिशा हो।

पर्यटन नै नेपालको मुख्य आर्थिक आधार

वैदेशिक मुद्रा र कूल गार्हस्थ उत्पादन (जिडिपी) को मुख्य स्रोतः नेपालसँग विशाल खनिज वा ठूला औद्योगिक कारखानाहरू छैनन्; हाम्रो सबैभन्दा ठूलो र दिगो सम्पत्ति नै हाम्रा हिमाल, हरियाली, जैविक विविधता र मौलिक संस्कृति हुन्। देशमा पर्यटकीय गतिविधि बढाउनु नै देशको जिडिपी वृद्धि गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता दिने मुख्य आधार हो।

समावेशी रोजगार र स्थानीय अर्थतन्त्रको विकासः सहरका सुविधासम्पन्न होटलदेखि गाउँका साना चियापसलसम्म, हिमाली भेगका कठोर परिश्रम गर्ने भरियादेखि सांस्कृतिक कलाकारहरूसम्म–पर्यटनले बिना भेदभाव हरेक नेपालीको घरमा चुलो बाल्न र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न मद्दत पुऱ्याउँछ। सभ्यता, संस्कृतिर मौलिकताको प्रवर्द्धनः पर्यटन केवल व्यापार मात्र होइन, यो हाम्रो कला, पञ्चेबाजा, लोक दोहोरी, हस्तकला, चिया पर्यटन र मौलिक नेपाली आतिथ्य परम्परालाई विश्वभरका मानिसहरूको मनमा पुऱ्याउने सबैभन्दा सशक्त माध्यम हो।

**सङ्कट समाधानका ठोस र व्यावहारिक कदमहरू**

- द्रूत खोजी, उद्धार र मानवीय प्राथमिकताः यतिबेला जोखिममा परेका पर्यटक, गाइड, भरिया, चालक तथा स्थानीयवासीको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै उनीहरूका लागि सुरक्षित आश्रय, खाद्यान्न, प्राथमिक उपचार र मनोवैज्ञानिक ढाडसको जरुरत पर्दछ।

- सडक मर्मत र वैकल्पिक पहुँचको सुनिश्चितताः नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटक आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू सुरक्षित छन् भन्ने सकारात्मक सन्देश समयमै अन्तरराष्ट्रिय जगत्मा पुऱ्याउनुपर्ने हुन्छ। मुग्लिन-काठमाडौँ (कृष्णभीर) र रसुवागढी-नुवाकोट मार्गको क्षतिलाई प्राथमिकताका साथ प्राविधिक अध्ययन गरी अल्पकालीन र दीर्घकालीन रूपमा सञ्चालनयोग्य बनाउनुपर्छ। मुख्य राजमार्ग अवरुद्ध हुँदा पर्यटकीय आवागमनलाई निरन्तरता दिन हवाई मार्ग तथा वैकल्पिक सडकहरूको सहज र सर्वसुलभ प्रयोग सुनिश्चित गराउन सक्नुपर्छ।

- सत्यतथ्य सूचना सम्प्रेषणः विपद्को समयमा पारदर्शी सूचना सम्प्रेषण र सकारात्मक सन्देशको महत्व निकै रहन्छ। प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य र पारदर्शी सूचना प्रवाह गर्नुपर्छ। नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटकीय आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू पूर्ण रूपमा सुरक्षित छन् भन्ने सकारात्मक सन्देश विश्वसामु पुऱ्याउनुपर्ने हुन्छ। प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य, अद्यावधिक र पारदर्शी ढङ्गबाट सूचना प्रवाह गर्ने संयन्त्र हुन आवश्यक छ।

- पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनः पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनको विकासमा ध्यान दिनुपर्ने देखिन्छ। भविष्यमा कृष्णभीर वा अन्य संवेदनशील भौगोलिक क्षेत्रमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि जलवायु-अनुकूल पूर्वाधार निर्माणमा जोड दिँदै पदयात्रा तथा साहसिक भ्रमण सञ्चालन गर्दा मौसमको पूर्वसूचना प्रणालीलाई अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन सकिएमा जस्तोसुकै विपद्मा पनि मानवीय तथा भौतिक क्षतिलाई रोक्न सकिन्छ।

ङ प्रभावित व्यवसायी र श्रमिकका लागि राहत प्याकेजः विपत्तिका कारण रोजगारी र व्यवसाय प्रभावित भएका पथप्रदर्शक, भरिया, चालक, साना पर्यटन व्यवसायी र श्रमिकहरूलाई लक्षित गरी अल्पकालीन सहायता, कर छुट र पुनरुत्थान योजना राज्य र निजी क्षेत्रको सहकार्यमा लागू गराउन सरकारबाट पहल हुन आवश्यक छ।

**अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरूसमक्ष आह्वान**

नेपालको पर्यटन पूर्ण रूपमा सुरक्षित छ र देश विश्वभरका पर्यटकहरूलाई स्वागत गर्न आतुर छ भन्ने सन्देश अन्तरराष्ट्रिय मञ्चमा पुऱ्याउन सरकारको तर्फबाट छिटै ऐतिहासिक कूटनीतिक सम्मेलन आयोजना गरिनु सान्दर्भिक देखिन्छ। त्यस कार्यक्रममार्फत नेपालस्थित विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख, महावाणिज्यदूत, अन्तरराष्ट्रिय विकास साझेदारहरू, नाट्टा, टानलगायतका अग्रणी पर्यटन व्यवसायी सङ्घ-संस्थाहरूलाई एकै ठाउँमा आमन्त्रित गरी राज्यका शीर्ष नेतृत्व तहबाट विश्वव्यापी रूपमा आधिकारिक संयुक्त घोषणा गर्दा त्यसले विश्व समुदायमा नेपालको छविलाई अझ उजिल्याउन मद्दत पुग्दछ।

यसबाट हालैको अविरल वर्षा र बाढी-पहिरोले देशका केही सडक पूर्वाधार र सञ्जालमा क्षणिक चुनौती खडा गरे तापनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यहरू पूर्ण रूपमा सुरक्षित, जीवन्त र सुचारु रहेका छन् भन्ने सन्देश जानेछ। बाढी र पहिरो प्रभावित क्षेत्रहरूमा द्रुत उद्धार, राहत र पूर्वाधार पुनरुत्थानको काम तीव्रताका साथ अगाडि बढाइसकिएको छ। पर्यटन नै नेपालको जीडीपी र समावेशी अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले राज्यले यस क्षेत्रको पुनर्निर्माणलाई सर्वोच्च प्राथमिकतामा राखेको भन्दै पुनर्निर्माणमा सहयोगका लागि आह्वान गर्न सकिन्छ। यो विदेशी नागरिक तथा विश्वभरका पर्यटकहरूलाई निर्धक्क भएर नेपाल भ्रमणमा आउन र यहाँका हिमाल, संस्कृति र आतिथ्यको अद्वितीय अनुभव लिन हार्दिक आह्वान गर्ने महत्वपूर्ण अवसर पनि हुनेछ।

**पुनरुत्थानको साझा सङ्कल्प**

रात जतिसुकै कालो र लामो भए पनि

▶ बाँकी ३ पेजमा

## विश्व

# 'रुसको सहयोगमा इरानले आवाजको गतिभन्दा कैयौं गुणा छिटो यात्रा गर्ने क्षेप्यास्त्र बनाइरहेछ'

**लण्डन, १७ भदौ।**

इरानले बहुवर्षीय गोप्य कार्यक्रमअन्तर्गत रुसको सहयोग लिएर अत्याधुनिक सुपरसोनिक क्रुज क्षेप्यास्त्रहरू विकास गरिरहेको दाबी बेलायती पत्रिका फाइनान्सियल टाइम्सले गरेको छ। समाचारअनुसार रुसले इरानसँग गरेका अहिलेसम्मकै सबैभन्दा ठूला रणनीतिक प्रविधि हस्तान्तरणका घटनामध्ये यो एक हो।

यो कार्यक्रम सन् २०२३ मा सुरु भएको हो र यसमा रुसका अति अनुभवी क्षेप्यास्त्र विज्ञहरू संलग्न रहेको फाइनान्सियल टाइम्समा उल्लेख छ। यस कार्यक्रमले इरानलाई ऱ्यामजेट प्रोपल्सन प्रणाली विकास गर्न सहयोग गर्ने लक्ष्य राखेको छ। यस प्रणालीले क्रुज क्षेप्यास्त्रहरूलाई ध्वनिको गतिभन्दा कैयौं गुणा छिटो यात्रा गर्न सक्षम बनाउन सक्छ।

फाइनान्सियल टाइम्सको अनुसन्धानले लिक भएका रुसी पत्रचार, यात्रा अभिलेख र सैन्य पेटेन्टको विश्लेषणका आधारमा यस कार्यक्रमको खुलासा गरेको हो।

ऱ्यामजेट प्रविधिलाई जहाजमार्फत वा भूमिमार्फत क्रुज क्षेप्यास्त्रहरूमा प्रयोग गर्न सकिने प्रतिवेदनमा उल्लेख छ। सुप्रसोनिक क्रुज क्षेप्यास्त्रहरूले विपक्षीको हवाई तथा क्षेप्यास्त्र प्रतिरक्षा प्रणालीहरूलाई पहिचान गर्ने र त्यसलाई निस्तेज गरेर निशानामा मार हान्ने क्षमता राख्छन्।

खाडी क्षेत्रमा इरानका लागि यो प्रविधि निकै महत्वपूर्ण हुन सक्छ। यहाँ अमेरिका र उसका सहयोगीहरुले यसअघि नै जमिन तथा समुद्रमा उच्च प्रविधिका हतियार प्रयोगमा ल्याएका छन्।

फाइनान्सियल टाइम्सका अनुसार इरानले पहिले नै ऱ्यामजेट प्रोपल्सन प्रणाली निर्माण र उडान-परीक्षण गरिसकेको छ। यद्यपि रुसको सहयोगप्राप्त सुप्रसोनिक क्रुज क्षेप्यास्त्र अहिलेसम्म तैनाथ गरिएको कुनै प्रमाण छैन।

सीआईएका इरान-केन्द्रित पूर्व सैन्य विश्लेषक र जिम ल्यामसनले फाइनान्सियल टाइम्सलाई भने, 'इरानीहरूको क्षमतालाई यसले निकै बढाउनेछ। उनीहरूलाई गुणात्मक रूपमा नयाँ रणनीतिक हतियार प्रणाली प्रदान गर्नेछ। यो अवस्था अमेरिकी जलसेनाका जहाजहरूलाई जोखिमपूर्ण हो।'

रुस र इरानबीच घनिष्ठ रणनीतिक तथा सैन्य सम्बन्धको बढिरहेका बेला फाइनान्सियल टाइम्सको अनुसन्धानात्मक समाचार बाहिर आएको हो। युक्रेनविरुद्धको लडाँइमा रुसलाई इरानले 'शाहेद' ड्रोनहरू उपलब्ध गराएको छ। यी ड्रोन युक्रेन युद्धमा रुसका लागि महत्वपूर्ण साबित भएका छन्। रुसलाई ती ड्रोनहरूको घरेलु उत्पादन संयन्त्र स्थापना गर्न पनि इरानले सघाएको छ।

युक्रेनी तथा पश्चिमी अधिकारीहरूले पनि अमेरिका र इजरायलसँगको द्वन्द्वमा रुसले इरानलाई उपग्रह तस्बिर, ड्रोन सहयोग र हतियारका पार्टपुर्जा सहयोग प्रदान गरेको आरोप लगाएका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। आँटले काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ।

**वृष** — सिद्धान्तमा मतभेद भए पनि सहयोगीहरूले राम्रो साथ दिनेछन्। प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ।केही खर्च लागे पनि नयाँ काममा लगानी गर्ने समय छ।

**मिथुन** — नयाँ काम प्रारम्भ हुनेछ। गरेको कामले राम्रै लाभ दिलाउनेछ। साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आयआर्जनका स्रोत बढ्नेछन्।

**कर्कट** — विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। व्यापारमा प्रशस्त फाइदा हुनेछ। शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ।

**सिंह** — परिस्थितिवश फाइदा नहुने काममा अलमल हुन सक्छ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। आफ्नो कमजोरीको फाइदा अरूले उठाउने कोसिस गर्नेछन्।

**कन्या** — परिस्थितिवश काममा अलमल हुनेछ। लाभांश बाहिरिनाले समस्या पर्नेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। कामको चाप बढ्नेछ।

**तुला** — काममा साथ दिनेहरू प्रशस्तै भेटिनेछन्। परिवारजनको साथले थप उत्साह जगाउनेछ। विभिन्न सहयोग र उपहार प्राप्त हुनेछन्।

**वृश्चिक** — रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ।

**धनु** — समयमा काम नगर्ने बानीले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। अवसर आए पनि नयाँ काम थाल्न नसकिएला।

**मकर** — काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन्। पहिलेका कमजोरीमा सुधार ल्याउन सकिनेछ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ।

**कुम्भ** — परिश्रम परे पनि समय निकै फलदायी रहनेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ।

**मीन** — काममा राम्रो सुरुवात हुनेछ तर अन्त्यमा सोचेजस्तो नतिजा नआउन सक्छ। धेरै बोल्दा गोपनीयता बाहिरिन सक्छ।

# कृष्णभीर पहिरोको दीर्घकालीन समाधानका लागि सुरुङ र बाइपास सडकको अध्ययन गरिने

**युग संवाददाता**
**काठमाडौँ, १७ भदौ ।**

कृष्णभीर पहिरोका कारण प्रभावित पृथ्वी राजमार्गलाई सञ्चालनमा ल्याउन तत्काल अस्थायी संरचना निर्माण गरिने भएको छ। यस्तै, दीर्घकालीन समाधानका लागि सुरुङ तथा बाइपास सडकको विकल्पमा अध्ययन हुनेछ।



भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले पृथ्वी राजमार्ग सञ्चालन तथा तत्कालीन र दीर्घकालीन समाधानका विविध उपायका बारेमा छलफल भएको जानकारी दिए। मन्त्रालयमा बसेको बैठकले राजधानीसँगको आपूर्ति शृङ्खला पुनःस्थापनाका लागि हिलसाइडमा रहेको 'ग्याबियन ब्रेस्ट वाल' माथिबाट सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी आवश्यक संरचना निर्माण अघि बढाउने निर्णय भएको उनले दिए।

त्यस्तै, कृष्णभीर माथिबाट नयाँ ट्र्याक खोलेर सडक सञ्चालनमा ल्याउने विकल्पमा सहमति भएको छ। त्यस्तै, सडक सञ्चालनका लागि 'ट्र्याक' खोल्ने, 'ग्याबियन बक्स' तयार पार्ने तथा 'बोल्डर' हिलसाइडबाट तल खसालिनेछ। पहिरोको दीर्घकालीन समाधानका लागि सुरुङमार्ग निर्माण, 'सोइल नेलिङ', 'सिट पाइल'लगायतका विकल्पबारे सडक विभागले आवश्यक अध्ययन गर्ने छ।

मन्त्रालयले सुरुङ वा बाइपास सडक निर्माणका सम्भावित विकल्पमा तत्काल अध्ययन गरी चालु आर्थिक वर्षको अन्त्यसम्म वैकल्पिक सडकको व्यवस्था गर्न आवश्यक प्रक्रिया अगाडि बढाउनेछ। सो विकल्पको अध्ययनका लागि नेपाल जियोटेक्निकल सोसाइटीले आवश्यक विज्ञ सेवा उपलब्ध गराउने छ। त्यसका लागि आवश्यकताअनुसार सडक विभागसँग समझदारी (एमओयू) गरिनेछ।

# चङ्खेलीले जुटायो बाढी पीडितलाई राहत

**युग संवाददाता**
**हुम्ला, १७ भदौ ।**

भोटेकोशी बाढीबाट प्रभावित तथा विस्थापित नागरिकको राहत र पुनःस्थापनाका लागि हुम्लाको चङ्खेली गाउँपालिकाका जनप्रतिनिधिले आफ्नो पारिश्रमिकबाट सहयोग गर्ने निर्णय गरेको छ।

रसुवाको टिमुरे, रसुवागढी लगायतका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पुर्‍याएको घटनाप्रति दुःख व्यक्त गर्दै गाउँपालिकाले विपद्मा परेका नागरिकको सहयोगका लागि यस्तो निर्णय गरेको गाउँपालिकाका अध्यक्ष प्यारीलाल शाहीले बताए।

उनका अनुसार अध्यक्ष र उपाध्यक्षको मासिक सेवा सुविधाबाट १० दिन बराबरको रकम, वडाअध्यक्षबाट सात दिन, कार्यपालिका सदस्यबाट चार दिन र वडा सदस्यबाट दुई दिन बराबरको रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय भएको बताए।

गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीबाट सङ्घीय सरकारले तोकेको मापदण्डअनुसार तलब तथा पारिश्रमिकबाट कट्टा हुने गरी उक्त कोषमा योगदान गर्नेछन् । चङ्खेली गाउँपालिका-१ का वीरबहादुर ऐडी, मञ्जित बुढा, दिनेश बुढा र तिल बुढा रसुवाको एक जलविद्युत् आयोजनामा काम गर्दै आएका थिए। उनीहरूलाई सरकारले उद्धार गरी शिविरमा राखेको भए पनि घर फर्कन नसकेको पाइएको छ।

उनीहरूलाई घरसम्म फर्काउन आवश्यक पर्ने गाडीभाडा तथा खाना खर्च गाउँपालिकाले व्यवस्थापन गर्ने र खाद्यान्नलगायत अन्य राहत सामग्री उपलब्ध गराउन इच्छुक सङ्घसंस्थालाई सम्बन्धित वडा कार्यालयमार्फत समन्वय गरिनेछ।

# रसुवा बाढीपीडितको उपचारका लागि सञ्चारकर्मीको पहल

**सरला सुवेदी**
**बाँके, १७ भदौ ।**

रसुवाको भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको भीषण बाढीबाट घाइते भएकाहरूको उपचारका क्रममा आवश्यक पर्ने रगत व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले बाँकेको कोहलपुरमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ। सञ्चारिका समूह बाँके शाखाको आयोजना र सन्चारिका समूह बाँकेकि अध्यक्ष पबित्रा परियारको अध्यक्षतामा भएको कार्यक्रममा ३५ जना रक्तदाताले रक्तदान गरेका छन्।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कोहलपुर उपशाखा बाँके र रक्तसञ्चार केन्द्र बाँकेको सहकार्य तथा समन्वय रहेको थियो। रक्तसञ्चार केन्द्र कोहलपुरका प्रमुख राजेन्द्र महत्तरा लगायतको टोलीले रक्त सङ्कलन तथा व्यवस्थापनमा सहजीकरण गरेको थियो।

रक्तदानसँगै 'विपद्को समयमा सञ्चारकर्मीको भूमिका' विषयमा अन्तरक्रिया कार्यक्रमसमेत गरिएको थियो। रसुवा बाढीबाट घाइते तथा प्रभावित नागरिकको उद्धार, उपचार, राहत र पुनःस्थापनाका लागि आवश्यक सूचना प्रवाह गर्न सञ्चारकर्मीको भूमिका अझ जिम्मेवार र संवेदनशील हुनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए।

अन्तरक्रियामा बोल्दै नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईंले विपद्का समयमा समाचार सम्प्रेषणसँगै सूचनाका माध्यमबाट मानवीय जीवन बचाउने कामलाई प्राथमिकता दिनुपर्ने बताए। उनले विपद्को समयमा गलत सूचना र अफवाह फैलिन नदिन पत्रकारहरू थप सचेत हुनुपर्ने बताए।

उहाँले विपद् प्रभावित क्षेत्रमा स्थानीय तह, सुरक्षा निकाय, प्रशासन, रेडक्रस लगायतका सरोकारवाला निकायसँग सञ्चारकर्मीले प्रभावकारी समन्वय गर्नुपर्ने बताए। 'विपद्मा पहिलो प्राथमिकता ज्यान जोगाउनु हो, त्यसका लागि सही सूचना समयमै प्रवाह गर्नु पत्रकारिताको महत्वपूर्ण जिम्मेवारी हो' भन्ने उहाँको जोड थियो।

कोहलपुर नगरपालिकाका सामाजिक विकास समितिका संयोजक ईश्वरीप्रसाद



> रसुवा बाढीबाट घाइते तथा प्रभावित नागरिकको उद्धार, उपचार, राहत र पुनःस्थापनाका लागि आवश्यक सूचना प्रवाह गर्न सञ्चारकर्मीको भूमिका अझ जिम्मेवार र संवेदनशील हुनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए।

विश्वकर्माले सञ्चारकर्मीप्रति समाजको दृष्टिकोण सकारात्मक हुने भएकाले विपद्को समयमा अझ जिम्मेवार भएर काम गर्नुपर्ने बताए।

रसुवा बाढीका कारण कोहलपुरसमेत प्रत्यक्ष रूपमा प्रभावित भएको उल्लेख गर्दै उनले नगरपालिकाले विपद् प्रभावितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्नुका साथै बाढीमा ज्यान गुमाएका कोहलपुरका नागरिकका परिवारलाई समेत सहयोग गरिरहेको जानकारी दिए।

नेपाल पत्रकार महासंघ बाँकेकी उपाध्यक्ष करुणा शाहले महासंघ विपद् कोषमा सहयोगका लागि रकम जम्मा गरिएको जानकारी दिँदै पत्रकार तथा सञ्चारकर्मीहरू विपद्का समयमा सामाजिक उत्तरदायित्व निर्वाह गर्न अग्रसर हुनुपर्ने बताए।

नेपाल पत्रकार महासंघ बर्दियाका उपाध्यक्ष डिलप्रसाद गौतमले सञ्चारकर्मीहरू पूर्वसूचना प्रणालीसँग जोडिनुपर्नेमा जोड दिए। विपद् आउनुअघि नै सम्भावित जोखिम, पूर्वतयारी र उद्धारसम्बन्धी सूचना नागरिकसम्म पुऱ्याउन सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने उनले बताए।

सञ्चारिका समूह बाँकेकी संस्थापक अध्यक्ष अक्षरी पोखरेलले विपद्को समयमा सञ्चारकर्मीहरूको भूमिका सामान्य अवस्थाभन्दा झनै महत्वपूर्ण हुने बताए। प्रभावितको आवाज राज्य र सम्बन्धित निकायसम्म पुऱ्याउनेदेखि राहत, उद्धार र पुनःस्थापनाका विषयमा निरन्तर खबरदारी गर्नुपर्ने उनको भनाइ थियो।

प्रेस युनियन बाँकेका अध्यक्ष कमल खत्रीले विपद्का समयमा सबैभन्दा पहिले सञ्चारकर्मी स्वयं सुरक्षित रहनुपर्ने बताए। सुरक्षित भएर आफ्नो पेशागत जिम्मेवारी पूरा गर्नु पत्रकारको महत्वपूर्ण दायित्व भएको उल्लेख गर्दै उनले राज्य तथा राज्यका निकायले गरेका सकारात्मक कामलाई सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रचारप्रसार गर्नुपर्ने र कमजोरी भएमा खबरदारीसमेत गर्नुपर्ने बताए।

सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजन कोहलपुरका प्रमुख विजय बर्माले विपद्का समयमा पत्रकारको भूमिका र खबरदारी अत्यन्त महत्वपूर्ण हुने बताउनुभयो। विपद्सम्बन्धी समाचार लेखन तथा प्रसारण गर्दा विषयको संवेदनशीलतालाई ध्यानमा राखी तथ्यमा आधारित र जिम्मेवार पत्रकारिता गर्न उहाँले सञ्चारकर्मीलाई आग्रह गरे।

राष्ट्रिय युवा संघका पूर्वकेन्द्रीय सचिव खेमराज शर्माले रक्तदान कार्यक्रम निकै सराहनीय रहेको बताउँदै विपद्का बेला पत्रकारले संवेदनशील भएर भिडियो तथा समाचार सामग्री सम्प्रेषण गर्नुपर्ने बताए। विपद्बाट पीडित परिवारको उद्धार, राहत र उचित व्यवस्थापनका लागि सञ्चारकर्मीले आगामी दिनमा पनि आफ्ना कलमलाई निरन्तर अगाडि बढाउनुपर्ने उनको भनाइ थियो। सरकारले गरेका राम्रा कामको प्रशंसा गर्ने र कमजोरी भएमा खबरदारी गर्ने दुवै भूमिका पत्रकारले निर्वाह गर्नुपर्ने उनले बताए। अन्तरक्रिया कार्यक्रममा सञ्चारकर्मी पुष्पराज हमाल, कपिल अञ्जान, शुभाकर विश्वकर्मा, रवि रोकाय लगायतले विपद्को समयमा सञ्चारमाध्यमको भूमिका, सूचना सम्प्रेषण, पूर्वसूचना प्रणाली तथा प्रभावित नागरिकका सवालमा आफ्ना धारणा राखेका थिए।

रक्तदान कार्यक्रममा पूर्वप्रतिनिधिसभा सदस्य सूर्य ढकाल, नियमित रक्तदाता संघका संयोजक बलबहादुर खड्का, नेपाल पत्रकार महासंघ बाँके शाखाका सचिव कृष्ण ओली, महिला नेतृ नारायणी वली, समाजसेवी भुम भण्डारी, सञ्चारकर्मी राजेश आचार्य, स्मृति देवकोटा, प्रमिला विश्वकर्मा तथा जिल्ला ट्राफिक कार्यालयका धमेन्द्र रोकाय लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रमले रसुवा बाढीबाट प्रभावित तथा घाइतेहरूको उपचारमा आवश्यक पर्ने रगत व्यवस्थापनमा सहयोग पुऱ्याउनुका साथै विपद्को समयमा सञ्चारकर्मीले निर्वाह गर्नुपर्ने मानवीय, सामाजिक र पेशागत जिम्मेवारीबारे साझा धारणा निर्माण गर्ने उद्देश्यसमेत पूरा गरेको आयोजकले जनाएको छ।

## समृद्ध...

बिहानीको सूर्य उदाउन कसैले रोक्न सक्दैन। नुवाकोटका डाँडाकाँडा, रसुवाका हिमाल र कृष्णभीरका पहिराहरूले हामीलाई केही समयका लागि रोक्न खोजे पनि नेपालीहरूको पुनरुत्थानको चेतना, हिम्मत, भरियाहरूको समर्पण र आतिथ्यको भावनालाई कहिल्यै ढाल्न सक्दैनन्। पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन राज्य र निजी क्षेत्रको सहकार्यमा विशेष आर्थिक र नीतिगत सहजीकरण गराउन सकिन्छ।

प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन। यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ। सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध सङ्घ-संस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो। एकीकृत उद्धार, द्रूत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरि अझ सुरक्षित, व्यवस्थित र समुन्नत रूपमा टाउको उठाएर उभिनेछ।

*(लेखक पर्यटन व्यवसायी हुन्)*

## चिपको...

३६.९९, पुँजीगततर्फ ३७.७६ र आर्थिक वर्ष २०८२/०८३ मा चालुतर्फ ३७.३८ पुँजिगततर्फ ३८.५८ प्रतिशत बजेट आर्थिक वर्षको अन्तिम तीन महिना वैशाखदेखि असारसम्म खर्च भएको तथ्यांकले देखाउँछ। यसले स्थापनाका नौ वर्षमा बजेट कार्यान्वयनमा कर्णाली प्रदेश सरकारको समयमै खर्च गर्ने क्षमता र तयारी कमजोर रहेको पुष्टि गर्छ।

आठ वटा वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न बजेट ल्याएको प्रदेश सरकारले वर्षान्तमा खर्च बढाउने प्रवृत्तिको अन्त्य गर्न असफल भएको तथ्यांकले देखाउँछ। समयमै विकास योजना कार्यान्वयन, त्रैमासिक खर्च व्यवस्थापन, संस्थागत सुशासन र कार्यान्वयनमा सरकारको दक्षता कमजोर देखिदै आएको छ। यसरी हरेक वर्ष एक तिहाइभन्दा बढी बजेटको हिस्सा अन्तिम त्रैमासमा मात्र खर्च हुने प्रवृत्तिले योजना कार्यान्वयन, तिनको गुणस्तर, पारदर्शिता र बजेटको खर्च प्रणाली कमजोर रहेको देखिन्छ।

त्यस्तै, मन्त्रालयगत बजेट कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्ने हो भने मन्त्रालय र निकायगत खर्चमा निकै असन्तुलन देखिन्छ। उच्च कार्यान्वयन भएका केही प्रदेश सरकारका निकायले समेत बजेटको ठुलो हिस्सा अन्तिम त्रैमासिकमा खर्च गर्ने गरेको देखिन्छ।

**चालु आवको एक महिनामा तीन करोड खर्च**

प्रदेश सरकारकाले चालु आर्थिक वर्ष २०८३/०८४ को पहिलो महिनामा तीन करोड ७६ लाख ९५ हजार नौ सय चार रुपैयाँ मात्रै खर्च गर्न सकेको हो। यो कुल बजेटको ०.१०६ प्रतिशत मात्रै हो। चालु आर्थिक वर्ष प्रदेश सरकारले ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार बराबरको कुल बजेट ल्याएको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्षमा पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार विनियोजन भएकोमा पहिलो महिना जम्मा तीन करोड ३४ लाख ४१ हजार सात सय २६ रुपैयाँ बजेट खर्च भएको छ, भने चालुतर्फ ४२ लाख ५४ हजार एक सय ७८ रुपैयाँ खर्च भएको छ। चालु वर्षमा कार्यलय सञ्जालन तथा कर्मचारीको तलव भत्ताका लागि १४ अर्ब १५ करोड १८ लाख ३६ हजार रुपैयाँ बजेट राखिएको छ।

**बजेट कार्यान्वयनमा थिति बसाउँछौं : मन्त्री पछाई**

बुधबार ऋति फाउन्डेसनले आयोजना गरेको प्रदेश सरकारको गत आर्थिक वर्षको बजेट प्रभावकारिता मूल्यांकन, तथा कार्यान्वयन समीक्षा विषयक अन्तरक्रिया कार्यक्रममा प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री टेकराज पछाईले विगतमा बजेट कार्यान्वयनमा देखिएका संरचनागत अवरोधहरुलाई हटाएर काम गर्ने दावी गरे। अन्य प्रदेशको तुलनामा आन्तरिक आम्दानी कम भएको कर्णालीमा उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरेर नागरिकको जीवनस्तरमाथि उठाउने गरी सरकारले काम गरिहेको उनको भनाई छ। 'वितका बजेट कार्यान्वयनमा देखिदै आएका संरचनात्मक र व्यवहारिक अल्झनलाई सुधार गरेर चालु आर्थिक वर्षको बजेट कार्यान्वयमा थिति बसाउने योजनाका साथ सरकारले काम गर्छ,' उनले भने, 'बास्तवमै बजेटको प्रभावकारी कार्यान्वयन नहुँनु हाम्रा लागि बिडम्बना हो। योजना छनौटदेखि नै भइरहेका गलत अभ्यासका कारण बजेट कार्यान्वयनमा प्रभाव परेको छ। यस वर्ष हामीले योजना बैंकबाट योजना छनौट गरेकाले पनि बजेट कार्यान्वयनको अवस्थामा सुधार आउँछ।' साथै, उनले असार मसान्तमा मात्रै खर्च हुने प्रवृत्तिको अन्त्य गर्ने दावी गरे।

त्यस्तै, अन्तरक्रियामा सहभागिहरुले प्रदेश सरकारले कर्णालीको वास्तविक अवस्था र आवश्यकताका आधारमा ल्याएमात्रै प्रभावकारी कार्यान्वयन हुनेमा जोड दिए। राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको अविश्वास, निर्णयमा हुने हिचकिचाहट र कमजोर समन्वयका कारण कर्णालीमा पुँजीगत बजेट कार्यान्वयन प्रभावित भइरहेको मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक उपेन्द्रबहादुर विक बताउँछन्।

राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीचको 'सेक्युरिटी डिले'ले योजना स्वीकृति, ठेक्का प्रक्रिया र भुक्तानीसम्म ढिलाइ हुने गरेको उनले बताए। समयमै काम सुरु नहुँदा असारे विकास र बजेट खर्च हुन नसक्ने समस्या दोहोरिएको उनको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेशका अध्यक्ष धनबहादुर रावतले कार्यान्वयन हुन नसक्ने बजेट ल्याउनुभन्दा निजी क्षेत्रलाई स्पष्ट जिम्मेवारी दिएर अघि बढ्नुपर्ने तर्क गरे। औद्योगिक क्षेत्रको विकास, पर्यटन प्रवर्द्धन र बाह्य लगानी आकर्षित गर्ने स्पष्ट नीति आवश्यक रहेको उनले बताए।

त्यस्तै, प्रदेशसभा सदस्य रणसिंह परियारले योजना छनौटअघि आवश्यक तयारी र सम्भाव्यता अध्ययन गर्नुपर्ने बताए। पहुँचका आधारमा बजेट बाँड्ने तथा काम सम्पन्न भएपछि मात्रै असारमा भुक्तानी गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने उनको भनाइ छ।

सार्वजनिक लेखा समितिका सभापति विन्दमान विष्टले योजना छनौट र कार्यान्वयनको पुरानो शैलीकै कारण बजेट खर्च हुन नसक्ने बताउँछन्। योजना बैंकमा स्पष्ट मापदण्ड बनाउनुपर्ने र विनियोजन तथा आर्थिक विधेयकलाई सरल बनाउनुपर्ने उनले बताए।

# कर्मचारी सञ्चय कोषद्वारा बाढीपीडितका लागि दुई करोड ५० लाख सहयोग



**युग संवाददाता**
**काठमाडौँ, १७ भदौ ।**

रसुवाको भोटेकोशी तथा त्रिशूली नदीमा यही भदौ १० गते आएको विनासकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि कर्मचारी सञ्चय कोषले रू. दुई करोड ५० लाख आर्थिक सहयोग गरेको छ। कोषले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो।

कोष सञ्चालक समितिका अध्यक्ष भूपाल बराल, कोषका प्रशासक विजयकुमार श्रेष्ठलगायत कोषका वरिष्ठतम् अधिकृतहरूले अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा रू. दुई करोड ५० लाखको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिको छ। चेक हस्तान्तरण कार्यक्रममा अर्थमन्त्री डा. वाग्लेले विपद्को समयमा कोषले गरेको सहयोगका लागि कर्मचारी सञ्चय कोष परिवारप्रति धन्यवाद व्यक्त गरेका थिए।

कार्यक्रममा कोष सञ्चालक समितिका अध्यक्ष बराललले प्राकृतिक विपद्, महाभूकम्प, महामारीलगायतका राष्ट्रिय सङ्कटका समयमा कर्मचारी सञ्चय कोषले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आर्थिक सहयोग गर्दै आएको बताए। सोही निरन्तरताअन्तर्गत भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरिएको उहाँले बताए।


त्यसैगरी, कोषका प्रशासक श्रेष्ठले विपद्को यस कठिन समयमा प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबै पक्षको सहयोग र सहकार्य आवश्यक रहेको बताए। उनले आगामी दिनमा पनि कोषले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विपद् तथा राष्ट्रिय सङ्कटको समयमा आवश्यक सहयोग र सहकार्य गर्दै जाने प्रतिबद्धता व्यक्त गरे।

कर्मचारी सञ्चय कोषले बाढी तथा पहिरोमा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ। साथै, बाढीबाट प्रभावित नागरिकको शीघ्र उद्धार, राहत तथा पुनःस्थापनाका लागि सम्बन्धित सबै पक्षबाट आवश्यक सहयोग र सहकार्य हुने अपेक्षा गरेको छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# गुठी संस्थान, सञ्चालक समितिको अध्यक्षमा संस्कृतिविद् डा टण्डन

**युग संवाददाता**
**काठमाडौँ, १७ भदौ ।**



भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुठी संस्थान, सञ्चालक समितिको अध्यक्ष पदमा संस्कृतिविद् डा गोविन्द टण्डनलाई नियुक्त गरेको छ। गुठी संस्थान ऐन, २०३३ को दफा ९ उपदफा १ को खण्ड (क) बमोजिम मन्त्री प्रतिभा रावलले आगामी तीन वर्षका लागि उनलाई अध्यक्ष पदमा नियुक्त गर्नुभएको मन्त्रालयका सचिव मदन भुजेलले जानकारी दिए।


नवनियुक्त अध्यक्ष टण्डनले संस्थान केन्द्रीय कार्यालयमा पुगी पदभार ग्रहणसमेत गरेका छन्। पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन विषयमा विद्यावारिधि गर्नुभएका संस्कृतिविद् टण्डनले गुठी परम्परालगायत संस्कृति, इतिहासका विषयमा पुस्तक पनि लेखेका छन्। 'नेपालमा गुठी व्यवस्था' र 'गुठी जग्गा हो कि सम्पदा ?' उहाँले लेख्नुभएको गुठीसँग सम्बन्धित पुस्तक हुन्। यसअघि पशुपति क्षेत्र विकास कोषको सदस्य सचिव, कोषाध्यक्ष, संस्थानको विद्वत् परिषद्को दुई पटक अध्यक्षलगायत जिम्मेवारी पनि निर्वाह गरिसकेको छ।

संस्थान, सञ्चालक परिषद्को अध्यक्ष पदमा नियुक्त भएपछि कुरा गर्दै उनले २०३३ सालमा बनेको गुठी संस्थान ऐन अझै संशोधन, परिमार्जन केही नभएकाले त्यस विषयमा काम गर्ने बताए। गुठीको जग्गा काम नलाग्ने भन्ने सन्देश आम मानिसमा गएकाले मानिसलाई गुठी जग्गाको महत्व बुझाउने गरी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पनि अध्यक्ष टण्डनले जनाए।

गुठीको जग्गा कति छ ? भन्ने अभिलेख अहिले पनि नभएकाले यसको अभिलेख तयार गरी डिजीटाइज स्वरुपमा पनि अभिलेखीकृत गर्ने गरी काम गर्ने पनि उहाँले जानकारी दिए। हरेक मठ, मन्दिरका नाममा कति कति गुठी जग्गा छ भन्ने अभिलेख पनि तयारी गरिने भएको छ। विभिन्न मितिमा गुठी जग्गा रैकर गर्ने क्रममा सरकारले संस्थानलाई रु ३० अर्ब दिन बाँकी रहेकाले किस्ताबन्दीमा त्यो रकम माग गरी मठ, मन्दिर व्यवस्थित गर्ने काममा लगाउने उनले बताए। संस्थानमा इन्जिनियर, ओभरसियरलगायत प्राविधिक कर्मचारीको थप जनशक्ति व्यवस्था गरेर मठ, मन्दिर पुनर्निर्माण एवं जीर्णोद्धारका काममा चुस्तता ल्याउने अध्यक्ष टण्डनले बताए। देशको मूर्त, अमूर्त सम्पदा जोगाउने मुख्य स्थल संस्थान भएकाले यसलाई त्यसै अनुरुप विकास गरिने उहाँको कार्यक्रम रहेको जानकारी दिए।

संस्थान, सञ्चालक समितिको अध्यक्ष भए बापत् कुनै सेवा, सुविधा नलिने घोषणा उनले पदभार ग्रहण गरेपछि गरेका छन्। एक वर्षको सेवा, सुविधा रसुवा बाढी पीडितको सहयोगका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष दिने र बाँकी दुई वर्षको सेवा, सुविधा अन्य सामाजिक काममा लगाउने जानकारी पनि उनले पदबहाली कार्यक्रममा गराएका थिए।

## घुयँत्रो



काँग्रेस भित्रको लडाइँ कसरी सकियला ऐले सबैमा यै कौतुहलता छ। देउबा जे सम्झेर नेपाल आएका थिए अदालतले त्यसको ठिक उल्टो गर्दिएछि देउबाको आशमा बसेका नेताहरुको सपनामानि पानी फेरिएकोछ। देउबा आउनु अघिनै गगनले छुट्टिएर बितडिएका नेताहरुलाई निसर्त पाटिमा आउन गरेको अनुरोध ठुकुराएछि अब गगन फेरि पनि पाटिमा ल्याउनु पर्छ भन्ने पक्षमा छैनन। यो समय भनेको जेनजीको हो। गगननि एक किसिमका जेनजिनै हुन छुट्टिएर गएको बुढो टिमलाई पाटिमा ल्याएर फेरि पनि पाटि बिरोधिलाई पुरानै र भष्टाचारीको संज्ञा पाटिलाई दिलाउन गगन तयार छैनन। त्यसैले विशेष अधिवेशन पछिनै पाटिबाट अलग भएर बसेकाहरुलाई गगनले ठाम् नदिने भएछि उनिहरुनि अब कि राजनीति छोडेर बस्नु पर्ने वा अर्को पाटि खोलेर बस्नु पर्ने प्रष्ट देखिँदैछ। तर पनि अर्को पाटि खोलेर तत्काल एकदुई सिट आउने सम्मनि सम्भाबना छैन। त्यत्ति हो गगनको पाटिका उमेदवारलाई चाई हराउन सकिन्छ। काँग्रेस छोडेर जाने केही नेताहरुको मानसिकता काँग्रेसकै छेउछाउको र विपिको नाम बेच्ने खालकोपाटि दर्ता गरेर जाने देखिन्छ। वास्तवमा जनता काँग्रेस वीपि र गिर्जाको नामबाट अघाई सकेकाछन। किनभने काँग्रेस नजिकको भन्ने बित्तिकै तिनै भष्टाचारी नेताहरुको अनुहार जनताले झल्झलि देख्न सक्छन। उनै गच्छदार,बालकृष्ण ,मोहन बस्नेत अनि उनै लेखक, उनै जोशि,अनि उनै वाग्लेको अनुहार नयाँदलमा देखेछि नयाँ दल दर्ता गरेर नि काम छैन। त्यसैले दल दर्ता गर्दानै बिचार पुर्याउनु पर्ने देखिन्छ। दल दर्ता गर्दा नै प्रजातान्त्र र कोईराला परिवारको कुनै सन्धगन्ध आएन भने मात्रै यो पाटिको विपक्षमा जनआवाज उठने छैन। अन्यथा यो भष्टाचारीको पाटि भनेर फेरि बदनाममात्रै हुनेछ र "चोक्टा खान गएकि बूढि झोलमा डुबेर मरी "भन्ने नेपाली उखानको ताल हुनेछ। त्यसैले ऐले जति पनि काँग्रेसको विशेष अधिवेसनाट उछिट्टेर बाहिर जानुभाका नेताहरु विशेष अधिबेसनलाई बाउले अंशबण्डा गर्दिन बनाको यौटा भेला सम्झिनोस र त्यो भेलाँ बाउले "कान्छो छोरोलाई मात्रै अंश दिन्छु तिमरु अरु कुनै भाईले नि अंश पाउन्नौ अब अरु भाईहरुसित मेरो कान्छो छोरो छुटि भिन्न भएर बस्छ " भनेर बाउले अंश लगाईद्या जस्तै हो। आँफुले कमा सम्पति बाउले अरुलाई दिन्न भनेनि पाइन्छ क्यारे। त्यै भएर अदालतले नि बाउले कान्छो छोरालाई सम्पति दे सक्कियो यसाँ अब अरुले रोईकराई गरेर मिल्दैन। आँफै कमाउ आँफै खाउ भनेर सर्वोच्च अदालतले नै भन्देछि कसैको केई उपाए लाग्दैन हजुर त्यसैले सक्नु हुन्छ पाटि दर्ता गर्नु बढिमा १० मैना पछि त फेरि चुनाब आईहाल्छ। मुखैमा चुनाब आ हुनाले नेताहरु धेरैबेर बेरोजगारनि बस्नु पर्दैन। मान्छे चुनाबका लागि ५ बर्ष अघि देखित पाटि दर्ता गरेर बस्या हुन्छन भने यो पटक त पूरा १ बर्षनि पर्खिन पर्दैन। पाटि दर्ता गरेर प्रचार प्रसाराँ गाउँतिर हिँडदै गरेनि हुन्छ। तपाईंहरलाई त झन सुनौलो अबसरछ। कि कसो ! मेरो कुरा कस्तो लायो नेताजीहरु ! मेरा कुरा ठिक लाए मेरो सुझाब पालना र लागू गर्नु होला नलाए जे स्वाद लाग्छ त्यै गर्नु होला हुन्न ?

## यस्तो छ...

मा ६०.०३ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन भएको देखिन्छ।

त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा चालु बजेट ७५.४२ प्रतिशत कार्यान्वयन भएकोमा आर्थिक वर्ष २०८२/८३ मा भने केही घटेको देखिन्छ। तर, आर्थिक वर्ष २०८०/८१ मा ६८.३६ प्रतिशत, आर्थिक वर्ष २०७९/८० मा ७२.९५ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ६६.२३ प्रतिशत चालु बजेट कार्यान्वयन भएको देखिन्छ। पछिल्ला आर्थिक वर्षहरुमा चालु र पुँजीगत खर्चको दर फराकिलो देखिन थालेको छ। यसले प्रशासनिक खर्चमा निरन्तरता पाएको भए पनि विकास बजेट खर्चको गतिमात्र कमजोर भएको देखिन्छ।

GMB
GMBS
Cafe, Bakery & Restaurant
कर्मचारी आवश्यकता
हाम्रो प्रतिष्ठित संस्थाको लागि देहाय बमोजिमका पदहरुमा कर्मचारी आवश्यक परेकोले आवेदन आह्वान गरिन्छ।
कुक - २ जना
किचेन हेल्पर - १ जना
हाउसकिपिङ (महिला) - १ जना
इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क नं.
083-524831, 9816575525, 9848047683

# डोल्पा तीन स्थानीय तहद्वारा पाँच लाख सहयोग

**युग संवाददाता**
**जुम्ला, १७ भदौ ।**

रसुवा बाढी प्रभावितलाई डोल्पाका तीन स्थानीय तहले उद्धार, राहत तथा पुनःस्थापनाका लागि रुपाँच लाख ५० हजार आर्थिक सहयोग गरेका छन्। त्रिपुरासुन्दरी नगरपालिकाले रु दुई लाख, छार्का ताङसोङ गाउँपालिकाले रु दुई लाख र शे-फोक्सुण्डो गाउँपालिकाले रु एक लाख ५० हजार रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला गरेको त्रिपुरासुन्दरी नगरपालिका प्रमुख जनचन्द्र रोकायाले जानकारी दिए।

विपद्मा मानवीय सहयोग र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यकासाथ उक्त रकम सहयोग गरिएको छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष सेनाङ गुरुङले जानकारी दिए। भोटेकोशी बाढीबाट रसुवा र नुवाकोटलगायतका जिल्लामा जनधनको ठूलो क्षति भएको छ।

# चीनबाट आयो राहत सामग्रीको दोस्रो खेप

**युग संवाददाता**
**काठमाडौँ, १७ भदौ ।**

चीनबाट सहयोगस्वरुप उपलब्ध गराइएको आपत्कालीन राहत सामग्रीको दोस्रो खेप आइपुगेको छ। चिनियाँ जनमुक्ति सेना (पिएलए)को वायुसेनाको विमानमार्फत उक्त राहत सामग्री काठमाडौँ आइपुगेको यहाँस्थित चिनियाँ दूतावासले जनाएको छ। चिनियाँ सहयोगी विशेषज्ञका रूपमा पाँच जना 'डिएनए' पहिचान विशेषज्ञ पनि सोही उडानमार्फत नेपाल आएका छन्। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुन र नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङ राहत सामग्री हस्तान्तरण समारोहमा सहभागी भएका थिए।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
Bhawani Auto Workshop, Birendranagar-Surkhet
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing
हाम्रा सेवाहरु
गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ
चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।